पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २९ अङ्क : ११ २०६७ असोज १५ गते शुक्रबार (Oct 1, 2010) मूल्य रू. ५/-

## राजनीति जाँच्ने राष्ट्रसंघका पास्कोले

काठमाडौं / नेपालको राजनीतिक गतिरोध र यस्तो राजनीतिले अनमिनको थपिएको पुसमसान्तसम्मको ४ महिने अवधिमा शान्ति र संविधान सम्भव छ कि छैन भनेर अध्ययन जाँच भ्रमण गर्न राष्ट्रसंघीय अधिकारी पास्को नेपाल आउने भएका छन् । यसको जानकारी राष्ट्रसंघ भ्रमणमा रहेका गृहमन्त्रीलाई पास्कोले दिएका हुन् ।

संविधानसभा संसद असोज १४ गतेसम्म पनि प्रधानमन्त्री मै अल्झिएको छ । बजेट पेस भएको छैन । कात्तिक पहिलो हप्तासम्ममा बजेट नआए अस्तव्यस्त अथ व्यवस्था भताभुङ्ग हुने चेतावनी अर्थविद्हरूले दिएका छन् । राजनीतिक असहमतिका कारण गतिरोध बढ्दै छ । खतरनाक ध्रुविकरणको राजनीतिक बढ्दैछ । यो अवस्था अझै केही हप्ता लम्बिने निश्चित छ । सत्ताको खेलका कारण शान्ति र संविधानतिर कुनै दलको ध्यान (बाँकी पाँच पेजमा)

# सभामुख र राष्ट्रपतिलाई गुहारिने

काठमाडौं / एमाले-एमाओवादी दलले आफूसँग ३४५ भन्दा बढी मत रहेको दावी सहित विशेषाधिकार प्रयोग गरेर प्रधानमन्त्री चयनको वर्तमान



प्रक्रिया रद्द गरी नयाँ प्रक्रियामा जानु पर्‍यो भन्दै सामुहिक दवाव दिन थालेका छन् । खेलमा कुनै खेलाडीले बीचमा मिच्यो वा गल्ती गर्‍यो भने एम्पायरले खेललाई निर्णयसहित अघि बढाउँछन् । संसदको एम्पायर सभामुख छन्, उनले बीचमा नियमावली संशोधन वा अन्य उपाय गरेर संसदीय प्रक्रियालाई अघि बढाउनु पर्‍यो भन्दै दवाव दिन थालेका छन् । हुन त प्रधानमन्त्री चुनावको वर्तमान प्रक्रिया रद्द होस भनि सर्वोच्चमा मुद्दासमेत परेकोछ ।



यसैबीच नेमकिपाका अध्यक्ष रोहितले मंगलबार राष्ट्रपतिलाई गुहार्न सुझाव दिएका छन् । राष्ट्रति शासन लागू गर्दा बेश हुने तर्क पनि राखेका छन् । राष्ट्रपति शासन लागू भए अध्यादेशबाट अप्ठेरो फुकाउन सकिन्छ बजेट ल्याउन सकिन्छ र राजनीतिक अन्योल हट्छ, रोहितको दावी छ । होइन भने राष्ट्रपतिले एमाओवादीलाई एक महिनामा बहुमत सिद्ध गर्ने गरी सरकार बनाउन आव्हान गर्न सक्ने छन् । चालू संसदीय प्रक्रियाबाट समाधान ननिस्कने निश्चित भइसकेको छ ।

रोहितकाअनुसार वर्तमान गतिरोधको कारक एमाले अध्यक्ष झलनाथ खानाल हुन् । उनले बहुमत भएका माधवकुमार नेपाललाई राजीनामा गर्न लगाएर ठूलो भूल गरे । बहुमतको सरकारले राजीनामा दिएपछि (बाँकी अन्तिम पेजमा)

## माधवकुमारको ह्याट्रिकै ह्याट्रिक



काठमाडौं / माधवकुमार नेपालको नेतृत्वमा रहेको काम चलाउन सरकारले प्रत्येक कुरामा नयाँ नयाँ रेकर्डहरू कायम गर्दै आफूलाई चमत्कारी सरकार भन्न रुचाउन थालेको छ । यी विभिन्न कुराहरूमा उसले रेकर्ड कायम गरेको छ । पहिलो रेकर्ड दुई दुई ठाउँबाट चुनाव हारेका व्यक्ति संविधानसभाको सदस्य, संवैधानिक समितिको सभापति हुँदै प्रधानमन्त्री बन्न सफल भएर ह्याट्रिक गर्न सफल भए । प्रधानमन्त्री भएकै दिनदेखि कठपुतली सरकार र रिमोटकन्ट्रोलबाट सञ्चालित हुने (बाँकी तीन पेजमा)

# नेम्वाङ सभामुख कि पाले ?

**अभियान संवाददाता**

काठमाडौं / पटक पटक प्रधानमन्त्रीको चुनाव गर्दा समेत प्रधानमन्त्री चुन्न असफल सावित भएको व्यवस्थापिका संसदमा उपस्थित भएका दलहरू अहिले फेरी अर्को नाटक मञ्चन गरी मुलुकलाई अनिर्णयको बन्दी बनाउन अग्रसर भएका छन् । व्यवस्थापिका संसदका नेता भनेका सभामुख सुवाषचन्द्र नेम्वाङ नै हुन । नम्वाङले चाहेका भए धेरै पहिला नै प्रधानमन्त्री नियुक्त भइसक्ने थियो । व्यवस्थापिका संसदको नियमावलीले सभामुख नेम्वाङलाई थुप्रै विशेषाधिकारहरू दिएको भएपनि उनले कहिल्यै पनि ति अधिकारहरूको प्रयोग नगरी उनी घण्टी बजाने एउटा पालेको रुमपा प्रस्तुत मात्र भएकाले अलिहेका समस्याहरू उत्पन्न भएका हुन भन्नेमा कसैको दुईमत नरहला ।

अहिले कायम रहेको प्रधानमन्त्रीका उम्मेदवारको सम्बन्धमा प्रधानमन्त्री निर्वाचन हुन संविधानको सर्त बमोजिम दलीय सहमति बन्दैन भने संविधानसभा, व्यवस्थापिका संसद कर्या सञ्चान नियमावली २०६५ को नियम ७ को उपनियम ८ को संशोधन वा वर्तमान गतिरोधको अन्त्य गर्न बाधा अड्चन फुकाउने व्यवस्था गर्नु बाहेक अर्को विकल्प देखिंदैन । संविधानसभामा



व्यवस्थापिका संसद कार्यसञ्चालन नियमावली २०६५ को नियम १५८ (बाँकी अन्तिम पेजमा)

## भारतको अर्को षडयन्त्र मतदाता नामावलीमा हस्तक्षेप

**अभियान संवाददाता**

काठमाडौं /संविधानसभाको चुनावका बेला झण्डै ५० लाख व्यक्तिहरूले नक्कली मतदाताबनेर निर्वाचनमा मत हालेको विषयलाई अहिले आएर स्वयं निर्वाचन आयोगले स्वीकार गरेपछि कस्तो चुनाव र कसले मत दिएर संविधानसभाका सदस्यहरू चुनिएका रहेछन् भनि प्रष्ठ भएको छ । निर्वाचन आयोगले मतदाता नामावली संकलन गरी राष्ट्रिय परिचय पत्र बनाउने र त्यसलाई व्यवस्थित गर्ने प्रमुख उद्देश्यका साथ ४३ वटा जिल्लाका ५८ वटा नगरपालीकामा मतदाता नामावली संकलन गर्ने कार्यलाई अगाडी बढाईरहेको अवस्थामा भारतले फेरी अर्को षडयन्त्र गरेर तराइमूलका केही व्यक्तिहरूलाई उचालेर आफ्नो स्वार्थ पुरा गर्न खोज्नु सीधै स्वतन्त्र मुलुक नेपालमाथिको ठाडो हस्तक्षेप हो । २०६२/०६३ को आन्दोलन पछि तत्कालिन सातदल र तत्कालिन माओवादी बीच भएको सहमति अनुसार झण्डै ३० लाख विदेशीहरूलाई नेपाली नागरिकता आलुको दाममा बेचिएको थियो । त्यसबेला ३० लाख विदेशीहरूले नेपाली नागरिकता पाएका भए पनि झण्डै २९ लाख भारतीयहरू नै रहेको त्यसबेलाका पत्रपत्रिकाहरूमा

(बाँकी अन्तिम पेजमा)

# पचास लाख नक्कली मतदाता काण्ड

काठमाडौं / निर्वाचन आयोगले नागरिकतालाई आधार बनाएर फोटो सहितको नामावली संकलन गर्न थालेपछि मधेसी दलहरूले व्यापक विरोध गरिरहेका छन् । कतिपय संकलन केन्द्रमा गुण्डागर्दी भएर भाग्नु पर्ने स्थिति आएपछि कार्यबाहक प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले सर्वदलीय बैठक बोलाएका थिए । सर्वदलीय बैठकमा १८ वर्ष पुगेको व्यक्ति नेपाली हो, होइन भनेर यकिन गर्ने आधार नागरिकताको प्रमाणपत्र बाहेक के हुन सक्छ ? भनेर सझाव मागेको थिए ।

निर्वाचन आयुक्तले एकै व्यक्तिको नाम धेरै ठाउँमा रहेको विहेवारी, बसाईसराइ, मृत भएकाहरूको नामावली अध्यावधिक गर्न र स्वच्छ निर्वाचनका लागि फोटो र औठा छाप सहितको नयाँ नामावली आवश्यक (बाँकी अन्तिम पेजमा)

# कांग्रेसभित्र मनोनित किचलो

काठमाडौं / बाह्रौ महाधिवेशन सम्पन्न गरेको नेपाली कांग्रेसमा सुशील र देउवा पक्षको ५५ र ४५ प्रतिशतको जीतहारको स्थितिमा हरूवा देउवा पक्षले यही मतको आधारमा मनोनित पदहरूको माग गरेपछि पार्टीलाई एकताबद्ध र मिलाएर अघि बढ्छु भन्ने निर्वाचित सभापति सुशील कोइराला धर्म संकटमा परेका छन् । देउवा पक्षको माग नमान्दा गुटवाजी बढ्ने र मान्दा आफू कमजोर हुने स्थितिमा सभापति सुशील पुगेका छन् ।

त्यसैपनि युवा र महिलाहरूको (बाँकी अन्तिम पेजमा)

# के विषयमा दलहरू सहमत होलान् ?

काठमाडौं / जनताले दिएको दुई वर्षको म्याण्डेटलाई उल्लंघन गर्दै संविधानसभाले आफ्नो पदावधि १ वर्षका लागि लम्ब्याए पनि लम्ब्याएको १ वर्षको पदावधि पछिको चार महिनासम्म संविधान निर्माणको कार्य शुरु नै हुन सकेको छैन । राजनीतिक दलहरूले आफूले पाएको प्रमुख जिम्मवारीलाई थाँती राखेर सरकार निर्माण र सरकार गिराउने कार्यकै पेरिफेरीमा रमाउन थालेका हुनालो अबको आठ महिनाभित्रमा संविधान निर्माण हुन्छ भन्ने कुरा विश्वास गर्न सकिने कुनै ठोस आधारहरू देखिएका छैनन् । २ वर्षसम्ममा पनि दलहरूले मिलाउन नसकेका प्रमुख मुद्दाहरू अबको ८ महिना भित्रकमा सहमतिको बाटोमा पुग्ने सक्ने आधारहरू के-के हुन् त्यसमा दलहरूले कुनै छलफल र बहसै नचलाएका हुनाले अबको संविधानलाई प्रभाव पार्ने गरी यी १८ वटा मुद्दाका बारेमा के दलहरू सहमत होलान ? तोकिएको समयमा संविधान निर्माण गर्लान त भन्ने प्रश्न उब्जिएको छ । जनतालाई झुक्याएर आफूहरूले पाएको जिम्मेवारी पूरा नगर्ने दल र संविधानसभाले फेरी १ वर्षको पदावधि लम्ब्याउने खेल अहिले देखिनै शुरु गर्न थालेका आभाष पाउन थालिएको छ । तल दिएका विषयहरूमा कहिले र कस्तो सहमति हुने ?

◆ देशको शासकीय स्वरुप कस्तो हुने ?
◆ मन्त्रिपरिषद् कसरी गठन हुने ?
◆ मन्त्रिपरिषद्को अध्यक्ष को हुने ? राष्ट्रपति वा प्रधानमन्त्री ?
◆ राष्ट्रप्रमुख कार्यकारी हुने वा आलंकारिक हुने ?
◆ राष्ट्रप्रमुख र प्रधानमन्त्री दुवै रहने वा नरहने ?
◆ राष्ट्रप्रमुख र प्रधानमन्त्रीको निर्वाचन कसरी गर्ने ?
◆ राष्ट्रप्रमुख र प्रधानमन्त्रीको पदमुक्ति कसरी हुने ?
◆ आधारभूत संरचनाको सिद्धान्तलाई अभियव्यक्ति रुपमा स्वीकार गर्ने व नगर्ने ?
◆ संघीय विधायिका कति सदनको हुने, यिनलाई के काम दिने, सदस्य संख्या कति हुने ?
◆ संघीय विधायिकाको निर्वाचनप्रणाली कस्तो हुने ?

(बाँकी पाँच पेजमा)

**पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज**
**पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।**

**मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो**
**बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।**

**कायर भएर पटक पटक मर्नुभन्दा**
**बहादुर भएर एकै पटक मर्न सकौं ।** – *अभियानवाणी*

अभियान साप्ताहिक

सम्पादकीय

# दुई दलको अधिनायकवाद अस्वीकार्य

व्यवस्थापिका संसदले सातौं पटकसम्म पनि प्रधानमन्त्री चुन्न नसकेपछि एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल आठौं पटकको प्रधानमन्त्रीको चुनावमा सामेल भएनन् । असोज १ गते एकीकृत नेकपा माओवादी र नेकपा एमालेबीच भएको ३ बुँदे सहमति अनुसार नेपाली कांग्रेसका प्रधानमन्त्रीका उम्मेदवार रामचन्द्र पौडेललाई पनि प्रधानमन्त्रीको दौडबाट अलग हुन माओवादी र नेकपा एमालेले अनुरोध गरेपनि एउटा संवैधानिक प्रक्रियामा गइसकेपछि त्यसलाई अन्तिम बिन्दूमा नपुर्‍याई बीचमै प्रधानमन्त्रीको दौडबाट नेपाली कांग्रेस भाग्न नसक्ने अडानमा नेपाली कांग्रेस रहेको हुनाले अझ पनि प्रधानमन्त्री मुलुकले पाउन सक्ने अवस्था छैन । नेपालको अन्तरिम संविधान र संसद् नियमावलीमा भएको प्रष्ट व्यवस्थालाई उल्लंघन गरेर एकीकृत नेकपा माओवादी र नेकपा एमालेले आफूहरूले चाहेको खण्डमा जहिले सुकै जस्तो सुकै निर्णय गर्न पनि सक्छौं भन्ने दम्भ देखाएको हुनाले अहिलेको समस्या लम्बिएको हो । संविधानसभामा उपस्थित भएका सबै दलहरूको सहभागिता र समर्थनमा ठूला तीन दलहरूले निर्णय गर्नुपर्नेमा आफूलाई अप्ठ्यारो परुञ्जेल साना दलहरूलाई गुहार्ने अनि सजिलो परेको खण्डमा सानादलहरूलाई हेपाहा प्रवृत्ति गरेर हामीहरूले गरेको निर्णयमा सहीछाप गर भन्नु कहाँको प्रजातान्त्रिक अभ्यास हो ?

२०६७ साल जेष्ठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि थप्ने क्रममा समेत तीन ठूला दलहरूले अन्य साना दलहरूलाई उपेक्षा गरे । उनीहरूले साना दलहरूको रायसुझाव लिने कार्य समेत नगरेर तीन ठूला दलले गरेको सहमतिलाई सहीछाप गर्न बाध्या पारे । अहिले फेरी त्यस्तै अर्को षड्यन्त्रको जालो बुनिएको छ, त्यो हो एनेकपा माओवादी र नेकपा एमालेबीच भएको असोज १ गतेको ३ बुँदे सहमति । अहिले आएर उक्त ३ बुँदे सहमतिमा सहमति जनाउन दुई वामपन्थी दलहरूले नेपाली कांग्रेसलाई दबाब दिइरहेका छन् । दुई दलबीच ३ बुँदे सहमति भएको बेला नेपाली कांग्रेस आफ्नो १२ औं महाधिवेशनमा व्यस्त थियो । त्यही मौका छोपेर दुई वामपन्थी दलहरूले षड्यन्त्रमूलक ढङ्गबाट दुई दलको अधिनायकवादी तानाशाही प्रवृति लाद्ने प्रयास स्वरुप व्यवस्थापिका संसदको निमावली नै परिवर्तन गर्ने प्रपञ्च गरिरहेका छन् । एउटा विषयले सही निष्कर्ष नै नपाइकन बीचमै संसद् नियमावली परिवर्तन गरेर त्यसै अनुरुप अगाडी बढ्नु भनेको प्राकृतिक न्यायको सिद्धान्तविपरित हुनु हो भने हेक्कसमेत नराखेका दुई दलका नेताहरूलाई के भन्ने ?

प्रधानमन्त्री चुन्न नसकेको असफल व्यवस्थापीका संसद विघटन गरेर जनताको ताजा जनादेश लिएर अगाडी बढ्नु पर्नेमा दलहरूको असफलता र अकर्मण्यतालाई लुकाउनको लागि नियमावली नै परिवर्तन गर्ने परम्परा विश्वका कुनै प्रजातान्त्रिक मुलुकमा आजसम्म भएको छैन । एउटा खेलमा खेल शुरु भइ सकेपछि खेलको नियम परिवर्तन हुन सक्ने अवस्था हुन्दैन । अर्को खेलका लागि खेलको नियम परिवर्तन गर्न सकिन भएपनि शुरु भएको खेलको नियम परिवर्तन गर्न खोज्नु भनेको आफू खुशी खेल खेलेर हामीले जित्यौं भन्न खोज्नु सरह मात्र हुने भएको हुनाले अहिलेको अवस्थामा प्रधानमन्त्रीको ठेगान नलागेसम्म संसदको नियमावली संसोधन गरेर प्रधानमन्त्री चुन्न सन्ने कानूनी अधार छैन । केही कानूनविदहरू पार्टीगत स्वार्थमा लागेर आ-आफ्ना तर्क प्रस्तुत गर्न थाले पनि त्यस्ता तर्कहरू माथि कुनै तुक छैन । गतसाता घटेका घटनाका बारेमा पक्राउ परेका व्यक्तिलाई अहिले आएर कानून बनाएर सजाय दिनु कहाँको न्यायीक सिद्धान्त भित्र पर्दछ ? त्यो त प्राकृतिक न्यायको सिद्धान्त विपरितको कार्य हुने भएको हुनाले कि त रामचन्द्र पौडेलले आफूखुशी प्रधानमन्त्रीको उम्मेदवारी फिर्ता लिनु पर्‍यो यदि होइन भने त्यसको टुङ्गो नलागेसम्म चुनाव गराउनुको अर्को विकल्प नै के त ?

अहिले आएर एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहालको बोली र व्यवहारमा केही परिवर्तन आएको महसूस राजनैतिक वृतमा गर्न थालिएको छ । दुई वामपन्थी बीच भएको गलाजोडले गर्न दाहाल अहिले केही आशावादी भएर माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन छिटो हुनु पर्ने बताउन थालेका छन् । त्यस्को एउटै कारण हुनसक्छ अब दुई वामपन्थीहरू मिलेर दाहालको अध्यक्षतामा बहुमतको सरकार निर्माण गर्ने अनि दुई वामपन्थी मिल्दा संसदमा बहुमत पुग्ने र अन्य दलहरूले उनीहरूलाई हल्लाउन नसक्ने भएपछि आफ्नो अधिनायकवादी तानाशाही प्रवृति नेपाली जनतामा लाद्न पाइने भयो भनेर उनी उत्साहित भएका हुन् । स्वयं दाहालको लागि त्यो भन्दा ठूलो घातक अन्य केही हुन सक्दैन । २०५२ सालमा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेकै कारण तत्कालनी संयुक्त जनमोर्चा उनीहरूको पेलाई सहन नसकेर जंगल पसेको इतिहास दाहालले स्वयं स्मरण गरुन भन्ने हाम्रो कामना हो ।

# माओवादी र एमालेको षडयन्त्र शुरू

– देवेन्द्र चुडाल –

नेपाली कांग्रेसको महाधिवेशन शुरु भएकै दिन एकीकृत नेकपा माओवादी र नेकपा एमाले विच ३ वदे सहमति भएपछि नेपाली कांग्रेसको १२ औं महाधिवेशन कांग्रसी जनहरूकै लागि खोक्रो सवित हुन पुगेको छ । व्यवस्थापिका संसदको सात-सात पटक सम्मा पनि प्रधानमन्त्री बन्न नसकेपछि नेपाली कांग्रेसलाई अलग्याउँदै संविधानसमा उपस्थित भएको सबै भन्दा ठूलो दल एकीकृत नेकपा माओवादी र तेस्रो ठूलो दल नेकपा एमाले विच सहमति भएको छ । उक्त सहमति पत्रमा ३ वुदे सहमति भएपनि गोप्य रुपमा नेकपा एमालेका अध्यक्ष झलनाथ खनाललाई मधेशवादी दलहरूको समर्थन लिएर एकीकृत नेकपा माओवादीले सहमतिय सरकारको नेतृत्वगर्न खनाललाई सघाउने र कथम कदाचित समहमतिय सरकार निर्माण हुन नसकेको खण्डमा नेकपा एमाले र एकीकृत माओवादी विच सदहमति गरेर बहुमतीय सरकारको नेतृत्व गर्न एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई सहयोग गर्ने निर्णय गरेपछि कांग्रेस जिलिएको छ । आठौं पटकको चुनवाका लागि एकीकृत नेकपा माओवादी अध्यक्ष दाहाल र नेपाली कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेल जुनावी दौडमा असफल भएपछि माओवादी अध्यक्ष दाहालले चुनावी दौडबाट आफ्नो नाम फिर्ता लिएपछि कांग्रेसलाई समेत नाम फिर्ता लिन ब्यापक दवाव परेको छ ।

२०६२-६३ मा भएको १ वुँदे सहमति र त्यसैलाई आधार मानेर गरिएका कतिपय सहमति, समझदारी र सम्झौताको उल्लंघन माओवादी पक्षबाट भई रहेको र नेपाली कांग्रेस नेकपा एमाले लगायत सरकारमा पटक-पटक भएका सहमतिहरूको पालना माओवादीले नगरीरहेको अवस्थामा एकाएकी रुपमा नेकपा माओवादी र नेकपा एमाले बीच ३ वुँदे सहमति हुनु भेडा, भेडासँगै बाख्रा बाखासँगै रहनु जस्तै भएको छ । २०६२-६३ को आन्दोलनमा नेपाली कांग्रेसले देखाएको महत्वाकांक्षा र तत्कालीन सभापति गिरिजा प्रसाद कोइरालाको अधिनायकवादी प्रवृतिकै कारण नेपाली कांग्रेसले संविधानसभाको चुनावमा एकीकृत माओवादीलाई विना हैसियत ८३ सीट प्रदान गरेकै दिनदेखि नेपाली कांग्रेस नेकपा एमालेमाथी माओवादी हवी भएको थियो । अन्तरिम संसद हुदै अन्तरिम मत्रीपरिषदमा सामेल गराएर गिरीजाप्रसाद कोइरालाले एकीकृत नेकपा माओवादीलाई टाउकोमा टेकाएकै कारण संविधानसभाको चुनावमा नेपाली कांग्रेसले नराम्रो धक्का पाउँदा समेत गिरीजा प्रसाद कोइरालाको महत्वकांक्षामा कुनै कमी आउन नसकेकै कारण नेपाली कांग्रेसको हविगत अहिलेको अवस्थामा पुगेको हो । एकीकृत नेकपा माओवादीका नेताहरूको चतुर्‍याइमा गिरीजाप्रसाद कोइराला डुवे, माओवादीका अध्यक्ष पुष्पकमल दाहालको चतुर्‍याईमा र गिरिजाप्रसाद कोइरालाको महत्वाकांक्षाले गर्दा नेपाली कांग्रेस चुनावमा नराम्ररी नाङ्गिन पुगेपनि, कोइरालाले आफ्नो पार्टीलाई कहिल्यै हेरेनन् । बरु राष्ट्रपति भएर बस्न चाहने रहरका कारण माओवादीले १२ बुँदे हुँदै त्यस पछि भएका अनेक सहमति र समझदारी उल्लंघन गर्दा समेत राष्ट्रपति बन्न पाउने आशामा माओवादीका सबै अपराधहरूलाई माफ गरी दिएकै कारण संविधानसभाको चुनावमा कांग्रेस पछारिन पुगेको सत्य वास्तविकतालाई नेपाली कांग्रेसले बुझ्न नसकेको र आफ्नो पार्टी स्थापना भएका दिनदेखिको सबै मर्म र भावनालाई तिलाञ्जली दिएर माओवादीको एजेण्डामा कांग्रेस दौडिएको हुनाले कांग्रेसले अहिलेको हविगत व्यहोर्नु परेको सत्यतालाई नेपाली कांग्रेसको १२ औं महाधिवेशनमा त्यसलार्य सच्याउँदै आफ्नो पहिचान बनाउने कार्यमा नेपाली कांग्रेस असफल भएपछि अब उसको सदन गन्ती मुक्त भएको छ । नेपाली कांग्रेस एउटा प्रजातान्त्रिक पार्टी भएपनि उस्ले विगत ७ वर्ष देखि कहिल्यैपनि प्रजातान्त्रिक आचरण प्रदर्शन गर्न सकेन, सत्तामा पुगेपछि अन्धो हुने नेपाली कांग्रेसको रोगका कारण अन्य प्रजातान्त्रिक पार्टीहरूले समेत उसलाई साथ दिन सकेनन् र उसले बाध्य भउर नेकपा एमालेको नेतृत्वमा बनेको सरकारलाई साथ दिन बाध्य भयो । यो उसको रहर नभएर बाध्यता थियो । तर अहिले समय र परिस्थितिले गर्दा आफैंले साथ दिएको नेकपा एमालले सउमेत उसलाई लाल दिएर उ आफैं गोत्रसँग हात मिलाउन पुगेको छ । अब अर्को हत्या वामपन्थीहरूको सरकार निर्माण हुने प्राय निश्चित रहेको छ ।

माधव कुमार नेपालले राजीनामा दिउको दुई चार भित्रै सबै समस्याको सभाधान हुने र सहमतिय सरकार बन्द भन्ने माओवादी नेताहरूको भनाईमा कुनै सत्यता नभएको यस सरकारले पहिला नै उठाई सकेो विषय हो । माओवादीको नयाँ ट्याक्टीस अनुसार मुलुकलाई सरकार विहिन अवस्थामा पुर्‍याएर आफ्नो अधिनायकवादी र तानाशाही प्रवृति लाद्नो उद्देश्यका साथ माओवादी नेतृत्व अगाडि बढेको अहिले प्रमाणीत हुँदै गएको छ । नत्र भने सात सात पटकको निर्वाचनमा समेत प्रधानमन्त्री किन चुनिन सकेनन् । माधवकुमार नेपालको सरकार गठन भएकै दिन रिमोटबाट सञ्चालन हुने कठपुतली सरकार भनेर सडकदेखि सदनसम्म आन्दोलन गर्ने पार्टीले अहिले त्यही रिमोटबाट सञ्चालन हुने कठपुतली नेतृत्वको सरकरको पार्टीसँग ३ वुँदे सहमति गर्नु कतिको उचित र जायज छ । माधवकुमार नेपाल नेतृत्वको सरकार गठन भएकौ दिन देखि उल्टो नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल लगायतका केही नेताहरूलाई दरीलो घाँस खुवाएको थियो, आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वमा रहेको सरकारको उछितो राख्ने कार्य कार्य स्वयम पार्टी अध्यक्ष झलनाथ अनालबाट भएपछि नेपाली कांग्रेसको भरथेगमा माधव कुमार नेपाल नेतृत्वको सरकारले १३ महिना सम्म सरकार सञ्चालन गरेपछि बाध्य भएर असार १६ गते माधव नेपाल राजीनामा दिन बाध्य भएका थिए । संविधानसभाको पदावधि एक वर्ष सम्म थप्न जेष्ठ १४, २०६७ साल मध्यरातमा भएको तिन दल विचको ३ वुँदे सहमति माओवादीले पालना नै नगरेको अवस्थामा नेकपा एमालेले फेरी असोज १ गते अर्को ३ वुँदे सहमति गर्नुको उद्देश्य के ? सत्ताको लागि एकीकृत नेकपा माओवादी जस्तो सुकै हर्कत अपनाउन समेत पछि पर्दैन रहेछ भन्ने यो भन्दा राम्रो प्रमाण के हुन सक्छ ?

एकीकृत नेकपा माओवादीले चाहे सभाषद खरीद गरेर होस, चाहे अर्काको पार्टी विभाजन गरी होस सत्ता हत्याउने खेलमा लामो कसरत गरेपनि उ असफल भएपछि अहिले प्रजातान्त्रिक सहमतिलाई विभाजन गराउन एकीकृत माओवादी सफल भएको छ । प्रजातान्त्रिक गठवन्धन तोडिएपछि अहिले सबै दलहरू छिन्न भिन्न भएका छन् । मधेसवादी दलहरू समेत अहिले आन्दोलनको अवस्थामा रहेका र नेकपा एमाले र एकीकृत नेकपा माओवादी एक भएको खण्डमा बाध्य भएर मधेसवादी दलहरूले वामपन्थी गठबन्धनलाई समर्थन गर्नु बाहेक अन्य विकल्प उनहिरू सँग नरहेने भएको हुनाले अवको वामपन्थी गठबन्धनको सरकारका मधेसवादी दलहरूको सहभागिता रहेने प्राय निश्चित छ । संविधानसभामा उपस्थित भएका दलहरूको गणितीय अवस्था हेर्दा एकीकृत नेकपा माओवादी २३० सिट नेकपा एमाले १०८ सिट र चारैवटा मधेशवादी दलहरूको गरी ८२ सिट रहने हुनाले सजिलै बहुमतको दुईतिहाईको सरकार बन्नसक्ने अवस्था देखिएको छ । यी तीनवटा पार्टीहरूको संख्या जोड्दा ४२० सिट हुने र अन्य केही साना पार्टीहरू जस्तै नेपाल मजदूर किसान पार्टीलगायत अन्य पार्टीहरूले समर्थन दिए सक्ने भएको हुानाले ४ सय ५० को हाराहारीमा सिट संख्या पुग्ने भएको हुनाले अब वामपन्थीहरूको चाहनाअनुसारको संविधान बन्नसक्ने अवस्था सिर्जना भएको छ ।

जारी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउनुप र २०६८ जेठ १४ गतेभित्रमा संविधान निर्माण गर्न प्रजातान्त्रिक शक्तिहरूको समर्थन नहरे पनि सम्पूर्ण वामपन्थीहरूको मिलिभगतमा संविधान निर्माण हुनसक्ने भएको हुनाले प्रजातान्त्रिक शक्तिहरूलाई पाखा लगाएर तयार गरी लागू गरिएको संविधानले मुलुकमा शान्ति बहाली र दीगो शान्ति दिनसक्ने कुरामा विश्वास गर्न सकिने कुनै आधार देखिँदैन । यसरी नेपाली कांग्रेसजस्तो प्रजातान्त्रिक शक्तिले आफ्नो जन्मकालदेखि नै भान्दै आएको दर्शन र सिद्धान्तलाई व्यक्तिगत महत्वकांक्षाले गर्दा तिलाञ्जली दिएको हुनाले नै अब मुलुक उग्रवामपन्थीको घेराबन्दीमा परेको छ । मुलुकलाई अहिलेको अप्ठ्यारो अवस्थामा पुर्‍याउने प्रमुख जिम्मेवार पक्ष भनेको नेपाली कांग्रेस नै हो । त्यसैले अहिले अब कांग्रेसले पछुताएर बस्नुभन्दा अर्को कुनै विकल्प बाँकी छैन । त्यसैले भनिन्छ किन रोइस मंगले आफ्नै ढंगले, यो उखान नेपाली कांग्रेसलाई ठ्याक्कै मिलेको छ ।

# जापानमा कामदार महिलाबीच समानता भएन

*सुभेन्द्रीनी काकुची*

एकाउन्न वर्षीया मीहारु ल रुर्म र डिजाइन कम्पनीमा अतिरिक्त समय काम गर्न भ्याउूछिन् तर विश्वकै धनी अर्थव्यवस्था भएको मुलुकमा समेत आरुनो जीवन धान्न उनका लागि यो मुस्किल नै भएको छ। मीहारुको परिस्थितिको बिल्कुलै रुरक अवस्था उनकै साथी सातोको कोवायासीको छ।

कार्यालय सहायकको रूपमा पूर्णकालीन काम गर्ने ४६ वर्षीया कोवायासीले स्थायी ज्याला कमाउूछिन् र वर्षमा दुईपटक प्राप्त गर्ने बोनसले उनको जीवन आरामदायी बनेको छ। उनी विदेश घुम्छिन् र रुर्सदिला दिनहरूमा साथीसूग घुम्न निस्कन्छिन्।

एकदशक अघि पारपाचुके गरेकी मीहारु आरुनो भविष्य उजाड रहेको पनि बताउूछिन्। "यो उमेरमा समेत काम पाएकोमा म खुशी छु। तर मैले कमाएको पैसाले मुश्किलले मेरो मासिक खर्च पुगेको छ। म यो दिनहूको झन्झटबाट मुक्त हुने सपना मात्र देखिरहेकी छु," उनी भन्छिन्। औसतमा उनको मासिक आय एकहजार ८०० अमेरिकी डलर छ। यसको दुईतिहाई रकम भाडा, अन्य काम र खानामा खर्च हुन्छ।

अंग्रेजी विषयमा डिग्री हासिल गरेकी मीहारुले तीनदशक अघि विवाह बन्धनमा बाूधिएपछि व्यापारिक कम्पनीको जागिर छाडिन्। र, उनको एउटा बच्चा पनि थियो। तर दाम्पत्य जीवन समाप्त भएपछि उनले पुनः काम खोज्न थाल्दा उनको जस्तो ढल्कदो उमेरमा रोजगारी पाउन कति कठिन रहेछ भन्ने थाहा पाइन्।

मीहारु र कोवायासीका कथाले जापानको आर्थिक मन्दीले महिलामाथि कति समस्या सिर्जना गरेको छ भनेर देखाउने मात्र नभई विभिन्न उमेर समूहका कामकाजी महिलाबीचको अन्तर कति गहिरो छ भनेर बुझ्न पनि सघाउूछ, महिलाको दृष्टिबाट जापानी अर्थव्यवस्थाको विश्लेषण गरिएको "ग्रेटर च्वाइस, ग्रेटर इनइक्वालिटी" पुस्तकका लेखक प्राध्यापक तोसिआकी ताचिबानाकी भन्छन्।

"ढल्कदो उमेरका महिलाले एकपटक रोजगारी छाडिसकेपछि स्थायी प्रकृतिको काम पुनः प्राप्त गर्न सधैं नै समस्या खेप्नु परिरहेको छ। तर मन्दीले यसमा अझ समस्या थपेको छ," उनले बताए। "विश्वव्यापी प्रतिस्पर्धालाई आत्मसात गर्ने कम्पनीहरूले लागत घटाइरहेको अवस्थामा परम्परागत लैंगिक विभेद सहदै आएका जापानी महिलाले सबैभन्दा बढी दुःख पाउनु स्वाभाविक हो।"

महिला र कामसम्बन्धी अध्यायमा ताचिबानाकी जापानको पुरुष(प्रभुत्व रहेको श्रम संस्कृतिले महिलाका निम्ति कति रोजगारी कटौती गऱ्यो भनेर देखाइएको छ। यसमा काम गर्नुपर्ने घन्टा, केन्द्रीय कार्यालयबाट नियमितरूपमा हुने अन्यत्र सरुवाका साथै विवाहित र बालबच्चा भएपछि रोजगारीमा पुनःस्थापित हुन समस्या पर्ने कुरा प्रष्ट्याइएको छ।

जापानको चालु बेरोजगारी दर ५.३ प्रतिशत रहेकोमा महिलाको सङ्ख्या ४.९ प्रतिशत रहेको छ। यस प्रवृत्तिले महिलाका निम्ति भरपर्दो व्यावसायिक करिअर बन्न नसकेको वातावरण देखाउूछ, ताचिबानाकी भन्छन्।

उनको अनुसन्धानले काममा रहेका महिलामध्ये अधिकांश स्वरोजगार, कोबायासीजस्ता एकल महिला वा धनीका श्रीमती हुने गरेको देखाएको छ। "अन्यले भने बाूच्नका निम्ति सङ्घर्ष गर्नुपर्छ," उनले भने।

श्रम तथ्याङ्कले पनि यो प्रवृत्तिलाई चित्रित गरेको छ। नयाू तथ्याङ्कले जापानमा गरिब कामदारमध्ये २० देखि ६४ वर्ष उमेरका महिलाको सङ्ख्या १३.३९ प्रतिशत रहेको देखाएको छ। यो सङ्ख्या ९.८५ प्रतिशत रहेको पुरुषको भन्दा धेरै बढी हो। गरिब कामदार भन्नाले वार्षिक ११ हजार अमेरिकी डलरभन्दा कम आयआर्जन गर्नेलाई जनाउूछ।

यसैगरी, बजारमा आंशिक कामदार महिला नै सबैभन्दा बढी संलग्न छन्। स्वास्थ्य, कल्याण तथा श्रम मन्त्रालयका अनुसार सन् २००९ मा ६ लाख १० हजार आंशिक कामदारमध्ये महिलाको सङ्ख्या ६२ प्रतिशत छ। उनीहरूले सामान्यतया कल सेन्टर, कार्यालय सहायक, स्वास्थ्यसेवा वा बिक्री प्रतिनिधिको रूपमा काम पाएका थिए।

कम्पनीहरूले उनीहरूलाई वार्षिक वा छ महिने करारमा लिन्छन् वा श्रम कानुन बमोजिम एजेन्सीमार्रुत् अन्यत्र पठाइन्छन्। उनीहरूलाई घन्टाका आधारमा भुक्तानी गरिन्छ तर महिलाले कहिलकाूही समकक्षी पुरुषको तुलनामा ३० प्रतिशतसम्म न्यून ज्याला पाउूछन्। धेरैजसो, उनीहरूको रोजगारी करारमा तलबी बिदा वा भत्तालाई समावेश गरिएको हुूदैन र यो निवृत्तीभरणमा यो जोडिन्न। यथार्थमा, टोकियो महिला युनियनले प्रत्येक महिना करिब २५ वटा उजुरी प्राप्त गर्दछ जसमध्ये तीस वा चालीस वर्षको हाराहारीका महिलाको सङ्ख्या ८० प्रतिशत रहने गरेको छ। उनीहरूले कम्पनीको पुनर्संरचना गर्ने क्रममा करार रोजगारी गुमाउनुपर्ने अवस्था आएको बताउने गरेका हुन्छन्।

"रोजगारी गुमाउनेमध्ये उमेर ढल्केका महिला पहिलो वर्गमा हुन्छन्," युनियनकी सल्लाहकार तोयोमी रुजी भन्छिन्। "उनीहरूको रोजगारीलाई पुरुष मालिकले सहजै हटाउन सकिने रूपमा हेरिन्छ।"

जापानका कामकाजी महिलाको प्रमुख गुनासो नै मध्यस्थतामार्रुत् हुने अस्थायी कार्यपद्धति हो। यो पद्धतिअन्तर्गत सिधै कामदारसूग कम्पनीले करार नगरी रोजगारीका लागि एजेन्सी र कम्पनीबीच करार हुने गर्दछ, रुजी भन्छिन्, यसले प्रायजसो अन्यायपूर्ण कार्य अवस्थातर्रु उन्मुख गराउूछ। सूगै अन्तर्वार्ता दिएका मध्ये युवा महिलाले उमेर ढल्केका महिलाको तुलनामा रोजगारी चाूडो पाउूछन्, रुजी थप्छिन्।

धेरै विवाहित महिलाले रोजगारी खोजिरहेको अवस्थामा यो प्रवृत्ति देखा परेको छ। दुई दशकअघि मात्र पहिलो बच्चा जन्मेपछि महिलाले रोजगारी छाड्ने दर ७० प्रतिशतभन्दा बढी थियो। सरकारी तथ्याङ्कका अनुसार सन् २००८ सम्ममा विवाहित महिलाको रोजगारीको दर ४८.९ प्रतिशत रहेको छ किनभने उनीहरूलाई आरुना श्रीमान्ले जागिर गुमाउलान् भन्ने चिन्ताले सताएको हुन्छ।

"हामीसूग आएका यी मुद्दाले महिलाहरू आरुैं आर्थिकरूपमा सक्षम हुन सङ्घर्ष गरिरहेको सङ्केत गरेको छ," रुजी थप्छिन्। यो प्रवृत्ति अझै रहिरहने र स्थायी जागिरे तथा आंशिक वा करारमा काम गर्नेबीचको अन्तर अझ बढेर जाने उनको भनाई छ।

"आंशिक काम गर्नेहरूले मानसिक तनाव वा खिन्नता भोग्नुपर्ने, पुरुष मालिकहरूबाट नियमितरूपमा यौन दुर्व्यवहार खेप्नुपर्ने र बढी पैसा कमाउन धेरै घन्टा काम गर्नुपर्ने बताएका छन्। करिअरमा राम्रोसूग स्थापित भएका महिलाको तुलनामा उनीहरूको जीवन बढी कठिन छ," उनी भन्छिन्।पूर्ण समय र आंशिक काम गर्ने दुवै महिलाले सन् २००८ मा जापानको कुल ६ करोड ६५ लाख कामदारमध्ये ४१ प्रतिशत हिस्सा ओगटेका छन्। रोजगारी पाइरहेका महिलामध्ये ६० प्रतिशतभन्दा बढीको उमेर ३० देखि ३४ वर्षको हाराहारीमा छ। यो सङ्ख्या एकदशक अघि ५० प्रतिशतभन्दा कम थियो। जुलाईमा प्रकाशित सरकारी तथ्याङ्कले जापानमा प्रत्येक १०० जना रोजगारी खोज्नेमध्ये ५२ जनालाई मात्र रोजगारी उपलब्ध रहेको देखाएको छ।


मंगलमय शुभकामना

२०६७ सालको विजया दशमी तथा शुभ दिपावलीको पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पदम हमाल
कार्यकारी प्रमुख
छिमेकी संगठन (निओ) नेपाल
*तथा* परिवार


# कर्णालीमा दशैं नआउने

काठमाडौं / हुम्ला, मुगुजस्ता विकट जिल्लाहरूमा खाद्यान्नको हाहाकार भएको ३ महिना भइसक्दा पनि सरकारले खाद्यान्नको ढुवानीको व्यवस्था नमिलाउँदा कर्णालीवासीले दशैंमा समेत चामलको गेडा देख्न नपाउने भएका छन्। खाद्य संस्थानको डिपो, जिल्ला प्रशासन, खाद्यव्यवस्था समिति र विभिन्न माध्यमबाट दवाव आएपछि खाद्य संस्थानले चामल ढुवानीको व्यवस्था मिलाइएको छ भन्दै भदौ २८ गते अलिकति चामल लगे पनि त्यो चामल हात्तीको मुखमा जिरा भएको थियो। त्यसपछि खाद्य संस्थानले चामल पठाउने व्यवस्था गरेको छैन। दशैंको मुखमा खाद्यन्नको हाहाकार हुन थालिसकेको छ। कर्णालीवासीले सरकारले हामीलाई यति धेरै हेपेको ? भन्न थालेका छन्।

खाद्यन्न ढुवानी गर्ने ठेक्का सीता एयर र काष्ठमण्डप एयरले पाएका छन्। एयरलाइन्स खाद्यान्न बोक्न तयार छ। तर खाद्य संस्थानले चामल नदिएपछि के बोक्ने ? एयरलाइन्समा प्रतिक्रिया छ, दोष खाद्य संस्थानकै देखिन्छ।

# भन्सार र सशस्त्रको लुकामारी

काठमाडौं / मेचीदेखि महाकालीसम्मका सीमा क्षेत्रमा दिनदिनै सशस्त्र प्रहरी गस्तीले लत्ताकपडा, लागू औषध, मल, दैनिक उपभोग्य समान, कस्मेटिक, टायरलगायतका समान पक्राउ गर्ने र कारबाहीका लागि बुझाउने गरेको छ। यथार्थमा भन्सारका कर्मचारीसँगको मिलेमतोमा कालाबजारियाहरूले यस्ता लाखौं र करोडौं मुल्यका समान चोरी पैठारी गर्छन्। तर सशस्त्रले पक्राउ गर्छ र त्यही भन्सार राजस्व र नेपाल प्रहरीलाई कारबाहीका लागि बुझाउने गर्छ। यो आँखा मिचौला लुकामारी खेलको लामो फेहरिस्त गृह मन्त्रलयमा पुगे पनि कमिशनको चास्नीमा डुबेको गृहले अर्थलाई के हो यो ? भनेर सोध्न सकेको छैन।

भन्सारका कर्मचारी नै चोरसँग मिलेपछि तस्करी बढ्नु स्वभाविक हो। सशस्त्र प्रहरीले दशी प्रमाणसहित बुझाएको घटना विवरणले पेश गरेका तथ्याङ्क बारे अर्थ मन्त्रालय र भन्सार विभागले गरेको बदमासी कसरी रोक्न सकिन्छ। नैतिकहीन कर्मचारीलाई कसरी दण्डित गर्ने ? भन्ने बारे सोच्नुपर्छ कि पर्दैन ? सीमा क्षेत्रमा भन्सारले तस्करी संरक्षण गर्ने र सशस्त्रले समात्ने लुकामारी कहिलेसम्म हेर्ने ?

## खाना पकाउने एलपी ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एलपी ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१) सिलिण्डर ल्याउँदा र लैजाँदा नगुडाउँ, भान्छामा सिलिण्डर सीधै ठाडो राखी प्रयोग गरौं, सुताएर वा घोप्ट्याएर प्रयोग नगरौं।
२) रेगुलेटर रवर पाइल चुल्हो जस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं। साथै हरेक २ वर्षमा ग्याँसको पाइप फेरौं।
३) खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
४) काम सकिएपछि सधैं रेगुलेटर बन्द गरों।

***ग्याँस चुहावट भएमा ध्यान दिनु पर्ने कुराहरू :***

१) खाना पकाउने स्थानमा एपली ग्याँस तिखो गन्ध आइरहेको छ भने लिक भइरहेको छ भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिलो रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं।
२) ग्याँस हावा भन्दा गह्रौं हुने भएकोले भुइँमा बस्छ। यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, लाइटर, धुप आदि नबालौं र विजुली बत्तिलगायत कुनै पनि विद्युधतीय उपकरण नचलाऔं।
३) ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी**

# The price for independence

**Malik M Ashraf**

Kashmir, once again has become a theatre of ruthless killings and the most egregious abuses of human rights. Ever since the beginning of the new wave of protests and resistance against the oppressive machinations of the occupying Indian forces — given the epithet of 'Intifada' — more than 100 Kashmiris, mostly the young people have been martyred. But regrettably while this killing spree by the Indian occupation forces and the trampling of the human rights in the valley continues unabated, the international community is looking the other way. The shrieking and blood of the people of Kashmir no more stirs the conscience of the so-called proponents of liberty and human rights, whose vision is blighted by their obsession with the war on terror and their strategic interests in the region. Even the UN is no more enthusiastic to have its resolutions on Kashmir implemented as is evident from the reaction by the UN Secretary General merely expressing concern over violence in Kashmir, instead of underscoring the need for a solution to the Kashmir issue in conformity with the UN resolutions. The US has also evinced no interest in the latest developments and on numerous occasions has made it clear that while it encouraged dialogue between India and Pakistan to solve their disputes, it was not ready to play the role of a mediator. Unfortunately our friends, who have been supporting Kashmiri's right to self-determination, as enshrined in the UN resolutions, also do not seem as concerned about the subject as they were in the past. All these factors have been fully exploited by India to its advantage and to camouflage its macabre game of blood-letting to suppress the freedom movement in Kashmir.The Indian insistence that Kashmir is an integral part of India and therefore the issue cannot be internationalised, is hypocritical and divorced from the ground realities pertaining to the legal status of the Kashmir dispute. It would perhaps not be out of place to look at the Indian stance about Kashmir being an integral part of India in its historic perspective to unravel the malice and the falsehood that characterizes this contention. It is an established fact that despite the UN resolutions and commitments by Nehru, the Indian leadership was never serious in holding a plebiscite in Kashmir. It was always looking for excuses to circumvent the UN resolutions. The first attempt in this regard was made when, through the General Council of Jammu and Kashmir National Conference a resolution was passed (Oct 27, 1950) calling for elections to the constituent assembly and settling the question of accession of Kashmir. The UN Security Council immediately reacted to this development through resolution number 91 rejecting the notion that the question of accession could be settled through any arrangement other than that provided in the UN resolutions on the subject. However undeterred by this snub, the Indians had a constitution passed by the constituent assembly of Kashmir on November 7, 1956 and consequently formally announced the accession of whole of Kashmir to India (the basis for the Indian claims of Kashmir being integral part of India). The UN through its resolution number 122, again repudiated the move reiterating its contention that the question of accession of Kashmir could only be settled through a plebiscite as envisaged in the UN resolutions on the dispute.It is evident from the foregoing that the legal status of the Kashmir conundrum is unchanged and it very much remains the international obligation of both India and Pakistan to create conditions conducive to resolving this issue in conformity with the UN resolutions. The Indian position that the issue cannot be internationalized, is ostensibly based on clause 6 of the Simla Agreement which emphasizes the settlement of all disputes between India and Pakistan, including Jammu and Kashmir through bilateral dialogue. This bilateral agreement, however, does not change the status of the dispute and its fundamental premise that it should be resolved through a plebiscite. It also does not preclude the possibility of raising it at the UN in case the bilateral arrangement fails to deliver, which is exactly the case. Article 103 of the UN Charter says "In the event of a conflict between the obligation of the members of the UN under the present Charter and their obligations under any other international agreement, their obligations under the present Charter shall prevail "What it means is that the UN resolutions on the Kashmir will take precedence over all other international agreements on the same issue. So Pakistan is very much within its right to invoke UN resolutions, after having been frustrated to find a solution through the bilateral arrangement due to the Indian intransigence and reluctance to deliberate on the core issue of Kashmir. The UN resolutions on Kashmir adopted under Chapter VII of the UN Charter are legally binding on the parties. Article 25 also reiterates their obligatory nature. The Security Council, under the UN charter has the power to enforce its decision and resolutions militarily or by any other means necessary, the powers that it has used during the Korean war in 1950 and in Iraq and Kuwait in 1991. It is abundantly clear from the foregoing that, although the prevailing circumstances are quite discouraging in regards to finding a solution to the Kashmir dispute, its legal status and obligations of the parties to the dispute under UN resolutions and that of the Security Council to have its resolutions implemented, remain un-affected. It is encouraging to note that the people of Kashmir are not overawed by the apathy and indifference of the international community and are prepared to pay the price for independence, while Pakistan is also firm in its commitment to extend political and diplomatic support to their cause. However, there is a need to revisit our approach in this regard and take the issue back to the UN and also unleash an intensive diplomatic offensive at the international level to remind the international community of its obligation to the people of Kashmir by highlighting the legal aspects of dispute as well as the Indian atrocities. Pakistan enjoys a unique position in the war on terror and finding a solution to the Afghan imbroglio. This position of strength needs to be utilised to impress upon the US and its allies the fact that the road to peace in Afghanistan and this region is inextricably linked to the resolution of the Kashmir dispute. That must be pursued with a renewed vigour and faith in the ultimate triumph of truth.

# Kashmiris hold demo in front of UN headquarters

New York, September 28 (KMS): Hundreds of Kashmiri Americans and their sympathizers held a peaceful protest in front of the United Nations headquarters in New York during the current session of the General Assembly to protest against the stepped up Indian state terrorism in occupied Kashmir. The Prime Minister of Azad Jammu and Kashmir, Sardar Attique Ahmed Khan, addressing the protesters said that Kashmir was situated at the heart of three nuclear powers of the world, India, Pakistan and China, which makes it the most dangerous place on the earth.

He reminded the participants that the presence of over 700,000 Indian military and paramilitary forces had made Kashmir the largest army concentration anywhere in the world. He also said that the European Parliamentary delegation had said that Kashmir was the most beautiful prison on the earth. "It is in the very national interest of world powers including the United States to find a lasting and durable solution of the Kashmir problem," he added.

The AJK Prime Minister thanked the Secretary General of the United Nations for taking cognizance of the grave situation in Indian occupied Kashmir. "It is the responsibility of the Secretary General as the custodian of human rights and under the Charter of the United Nations to take urgent steps to resolve this long-standing dispute in accordance with the wishes of the people of Kashmir as envisaged in the relevant United Nations Security Council resolutions," he maintained. The AJK Prime Minister underlined that the settlement of the dispute could deliver immense peace dividends to the people of South Asia.

Speaking on the occasion, the Executive Director of Kashmir Center Washington, Dr Ghulam Nabi Fai, said that the Kashmir issue had been pending on the agenda of the Security Council since 1948. He said that at that time, an agreement took place between India and Pakistan, endorsed by the United Nations and supported by the international community guaranteeing the right to self-determination to the people of Jammu and Kashmir. "The people of Kashmir who have never lost hope in the United Nations have since then been seeking to freely exercise their right to self-determination. This denial of the United Nation Charter and thus the denial of the right of self-determination has lead to bloodshed, pain, rapine and sufferings in Kashmir," he said.

Dr Fai emphasized that the situation in occupied Kashmir had been met with studied unconcern by the United Nations. "This has given a sense of total impunity to India. It has also created the impression that the United Nations is invidiously selective about the application of the principles of human rights and democracy," he added. The Executive Director said, "What is anguishing and dumbfounding to me is not that the United Nations resists sending its forces to Kashmir to vindicate self-determination at the risk of warring with India. What is frustrating and confounding is that the United Nations withholds even the moral boost of officially proclaiming the right of self-determination for 15 million people of Jammu and Kashmir in accordance with Security Council resolutions it heartily approved and has never disavowed."

Sardar Sawar Khan, leader of Jammu and Kashmir Peoples Muslim League said that the conflict in Indian occupied Kashmir had acquired a new dimension. "Since, July this year, Kashmiri youth have taken the lead to press for their inalienable right to self-determination, a right guaranteed by the United Nations," he stated. Sawar Khan further said that the youth had been taking to streets, paralyzing the unlawful local administration, adding, "Now, there is no turning back. This is a do or die phase of our long struggle for freedom after decades of the oppressive Indian rule."

Tariq Mahmood Khalid Advocate said that the Kashmiris expected from the United Nations Secretary General, as the custodian of human rights and fundamental freedoms, to speak up and pressurise India to implement the framework laid down in the UN Security Council's resolutions for a free and impartial plebiscite to determine the wishes of the Kashmiri people. He pointed out that the United Nations has an obligation towards the people of Kashmir.Hafiz Mohammad Sabir, leader of Kashmiri community in New York said that huge presence of Indian troops in occupied Kashmir had failed to subdue the Kashmiri people. "The youth have strong support among the people including their parents. As the Indian troopers attempt to subdue them, the people of Kashmir are suffering under strict 24–hour curfews, enforced by the Indian military," he added.

Sardar Zahid of Jammu and Kashmir Peoples Conference reminded the United Nations that there would be no peace in South Asia unless the core issue of Kashmir was peacefully resolved to the satisfaction of all concerned parties, India, Pakistan and the authentic representatives of Kashmiri people. "The sooner it is settled, the better it will be for international peace and security," he said.

Edward Hasbrook, Human rights Activist, San Francisco urged the Obama Administration to take the leadership role in finding the durable solution of the longstanding dispute of Jammu and Kashmir.

Sardar Taj Khan of Muslim Conference expressed grave concern over the deteriorating situation in occupied Kashmir and appealed to the international human rights and humanitarian organizations to come to rescue the innocent civilians in the territory.

Sardar Niaz from Jamaat-e-Islami AJK reiterated that Kashmir was one of the oldest issues pending on the agenda of the United Nations Security Council.

Mohammad Afzal Bhat, President of National Press Club Pakistan made passionate appeal to the world media to report about the genocidal situation in occupied Kashmir. "Kashmir mass rallies are much more widespread and popular than 'Rose Revolution" in Georgia but the CNN does not make its priority to report about them on a regular basis," he said, adding, that it was the Electronic Eye that could save the hapless Kashmiri people from the brutal and inhuman forces of India.

Aftab Shah, President of Jammu and Kashmir Muslim Conference said that beautiful Valley of Kashmir had been turned into a virtual hellfire for the people of Kashmir. "Kashmir has lost its beauty and its mystique," he said.

Qayyum Qamar from Azad Kashmir said that thousands of people who fled occupied Kashmir were living in various refugee camps in Muzzafarabad, adding, "Every family has a tale to tell. The people of Azad Jammu and Kashmir cannot remain untouched and unmoved."

# गन्तव्य परिवर्तनको मुडमा नेपाली

*सुमन वैरागी*

नेपाली युवायुवतीहरू अहिले वैदेशिक रोजगारका लागि गन्तव्य परिवर्तन गर्ने मुडमा रहेका छन्। लामो समयदेखिको नेपालीहरूको गन्तव्यका स्थानहरू मलेसिया, साउदी अरेबिया, दुवई, कतारलगायतका खाडी मुलुकहरूमा भएको थियो। अहिलेसम्म सबैभन्दा धेरै कामदारहरू यिनै मुलुकहरूमा गएर नेपाली बेरोजगार युवायुवतीहरूलाई रोजगार दिलाइरहेको छ। तर सिमित रोजगारीको क्षेत्र अहिले फराकिलो हुँदैछ। विकट ग्रामीण भेगका र उच्च शिक्षा हासिल नगरेका युवायुवतीलाई पनि जापान, कोरियालगायतका आकर्षक कमाई हुने मुलुकले लोभ्याउन थालेको छ। सरकारी पहलले गर्दा ती क्षेत्रका जनताहरूले पनि थोरै लगानीमा धेरै कमाई गर्ने अवसर पाउने हुन् कि भन्ने आसा गरिएको छ। तर उनीहरूलाई दक्षतामा रुपान्तरण गर्ने अवस्था भने ज्यूँका त्यूँ नै रहेको छ।

सरकारकै पहलमा लामा समयदेखि आसावादी भएको रोजगारको गन्तव्य अब सम्पूर्ण नेपालीका लागि खुला भएको छ। जापानले अब आफ्नो आवश्यकता अनुसारको प्रशिक्षार्थी कामदार लिने निर्णय गरिसकेको छ। कृषि, पर्यटन, सेवामूलक, उत्पादन, केयर गिभरलगायतका क्षेत्रमा नेपालीहरूले रोजगार पाउने आश्वसन जापनले दिइसकेको छ। जापान अन्तर्राष्ट्रिय समन्वय संस्थामार्फत् नेपाली कामदार जापान जान पाउनेछन् भने नेपाल सरकारले मध्यस्थताको भूमिका निर्वाह गर्दै नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई कामदार बढेपछि खाडी र मलेसिया जाने तरखरमा रहेका युवायुवतीले रोजगारको गन्तव्य परिवर्तन गर्ने मुड बनाएका छन्। सरकारले जापान जानका लागि रु ६० हजार रुपैयाँ मात्र लाग्ने बताएपछि खाडी र मलेसिया जानेहरू रोकिएका छन्। यो रकम मलेसिया र खाडी मुलुकको तुलनामा झण्डै ५० प्रतिशत कम रहेको छ। तर कामदारको कमाई भने खाडी र मलेसियाको तुलनामा पाँच गुणासम्म बढि हुने सम्भावना छ।

जापानले नेपाली कामदारलाई औद्योगिक प्रशिक्षार्थीका रुपमा लिने पनि खुलासा गरेको छ। त्यहाँ गएर नेपालीहरूले विभिन्न औद्योगिक प्रतिष्ठानमा काम गर्नेछन्। तीनबर्षसम्म जापानमा काम गरेपछि अनिवार्य स्वदेश फर्कनुपर्नेछ। फर्किएपछि पनि नेपाल आएर पहिला काम गरेकै प्रतिष्ठानमा काम गर्नुपर्नेछ। यसबाट जापानमा पुगेका कामदारले दामको साथमा पर्याप्त सीप लिएर स्वदेश फर्कने भएका छन्। जसले गर्दा त्यहाँ सिकेको सीपले मुलुकको विकासमा लगानी गर्न सकिने सम्भावना पनि बढेको छ। यसको तुलनामा खाडी मुलुक र मलेसियामा पुगेकाहरू निम्नस्तरका काममा अधिकांश सहभागी हुनेछन्। उनीहरूले तल्लो तहको काम गर्ने भएकाले सीपमूलक काम निकै कम गर्न पाउँछन्। तसर्थ खाडीमा गएकाहरूले खासै सीप लिएर स्वदेश फर्कने र स्वदेशमा त्यो सीपको सदुपयोग हुने ठाउँ नपाउने पनि भइरहेकै अवस्था छ। खाडी मुलुकहरूमा तुलनात्मक रुपमा जोखिमपूर्ण काम हुने भएकाले पनि कामदारको अंगभंग हुने, मृत्यु हुनेलगायतका दुर्घटना बढ्दो भएको छ। जसको तुलनामा जापानमा त्यो पनि कम हुने सम्भावनाको पनि अपेक्षा गरिएको छ।

नेपालीका लागि अर्को आकर्षक रोजगारीको गन्तव्य रहेको मुलुक दक्षिण कोरिया पनि हो। कोरियामा त यसअघि नै कामदार पुगिसकेका छन्। विगतमा म्यानपावर कम्पनीमार्फत् प्रशिक्षार्थी कामदार मात्र पठाउने व्यवस्था रहेकोमा करिब दुई बर्षअघि यो प्रावधान परिवर्तन भएको हो। कोरियाले रोजगार अनुमति प्रणाली(इपीएस) मार्फत् सहकारी तहबाट मात्र कामदार लिने व्यवस्था गरेको थियो। त्यसयता भने नेपालीहरू पूर्ण कामदारका रुपमा त्यहाँ जानेक्रम जारी रहेको छ। इपिएस अन्तर्गगत अहिलेसम्म लगभग तीन हजार आठसय कामदार कोरिया पुगिसकेका तथ्यांकमा उल्लेख छ। ६ हजार पाँच सयको नाम रोस्टरमा समावेश गरिएको भए पनि ती सबै भने जान पाएका छैनन्। स्वास्थ्यपरीक्षणमा उत्तीर्ण भएकाहरू सबैलाई क्रमश: पठाउने रणनीति सरकारले गरेको भए पनि पहिलो चरणका कामदार पठाएर सकिनै लागेपछि मात्र दोस्रो चरणका लागि आवेदन माग गरिने सरकारी अधिकारीहरूले बताएका छन्। श्रम तथा यातायात व्यवस्था मन्त्रालयका अनुसार कोरिया जानका लागि पाँच सयजना बाँकी भएपछि मात्र दोस्रो चरणको प्रक्रियाको सुरु हुनेछ। फेरि भाषा कक्षा, स्वास्थ्य परीक्षणको पनि पहिले जस्तै आवश्यकता पर्नेछ। कोरियाका लागि एक बर्ष मान्यता हुने स्वास्थ्य परीक्षणमा पहिले गरेकाले पुन: फेरि गर्नुपर्ने भएको छ। यसअघि स्वास्थ्य परीक्षण खर्च तीन हजार दुई सय प्रतिव्यक्ति लिने गरिएकोमा अहिले घटाएर दुई हजार एक सय रुपैयाँ कायम गरिएको छ।

महिला कामदारका लागि रोजगारीको आकर्षक मुलुक इजरायलमा पनि कामको सम्भावना अधिक रहेको छ। कमाई पनि आकर्षक हुने र काम पनि तुलनात्मक रुपमा सजिलो हुने भएकाले अधिकांश महिला कामदारहरू केयर गिभरको रुपमा इजरायलमा काम गरिरहेका छन्। कृषि, पर्यटन, होटललगायतका क्षेत्रमा पनि केही नेपालीले काम पाएका छन्। तर विगत १० महिनाअघि देखि बन्द रहेको इजरायलमा पुन: काम त दिइने भएको छ तर खुला भने भइसकेको छैन। जाने कामदारसँग म्यानपावर एजेन्सीहरूले अनाधिकृत रुपमा रकम असुलेको र दक्ष कामदार नपठाएको भन्दै इजरायलले नेपाली कामदार लिन नमानेको थियो। अधिकतम साढे दुई लाखभन्दा लिन नपाइने नियम भएर्पनि म्यानपावरहरूले महिलाको लागि आठ लाख र पुरुषको लागि ११ लाखसम्म प्रतिव्यक्ति रकम लिने गरेका थिए। सो रकम नै लाग्ने र इजरायल खुला भएको भन्दै अहिले पनि केही म्यानपावरहरूले कामदारहरू लिन थालेका छन्। उनीहरूले एजेन्टहरूलाई दिनुपर्ने कमिशन अनुसार रकम लिएको दावी पनि गर्दै आएका छन् तर सो रकमबाट एजेन्टहरूले ५० हजारभन्दा बढि नपाएको गुनासो पनि सुनिदै आएको छ। तर भाषा, सीप दक्षता भने अहिलेसम्म नेपाली कामदारहरूले दिन नसकेकोले गर्दा वैदेशिक रोजगारको गन्तव्य परिवर्तन हुँदा पनि उस्तै स्थिति नरहला भन्न सकिन्न।

**उद्योग वाणिज्य महासंघ र नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई कामदार बढेपछि खाडी र मलेसिया जाने तरखरमा रहेका युवायुवतीले रोजगारको गन्तव्य परिवर्तन गर्ने मुड बनाएका छन्। सरकारले जापान जानका लागि रू ६० हजार रूपैयाँ मात्र लाग्ने बताएपछि खाडी र मलेसिया जानेहरू रोकिएका छन्। यो रकम मलेसिया र खाडी मुलुकको तुलनामा झण्डै ५० प्रतिशत कम रहेको छ। तर कामदारको कमाई भने खाडी र मलेसियाको तुलनामा पाँच गुणासम्म बढि हुने सम्भावना छ।**

## सवारी दुर्घटनामा घाइते भएकाहरूको एपीएफ टोलीद्वारा उद्धार

कञ्चनपुर। पूर्व(पश्चिम राजमार्ग अन्तर्गतको कञ्चनपुर जिल्लास्थित पिपलाडी गाविस ९ वनसमिति भन्ने स्थानमा हिजोसाझ सवारी दुर्घटना हुादा १३ जना यात्रुहरू घाइते भएका छन्। दुर्घटनामा परी घाइतेहरूलाई एपीएफ टोलीले तत्कालै उद्धार गरी सशस्त्र प्रहरी बलको एम्बुलेन्स र गाडीमा राखी उपचारार्थ महाकाली अञ्चल अस्पताल महेन्द्रनगरमा पुर्‍याएको थियो। उक्त दुर्घटनाबारे जानकारी प्राप्त हुनासाथै सशस्त्र प्रहरी बल शैलेश्वरी गण झलारीबाट सशस्त्र प्रहरी निरीक्षक पदमसिंह भण्डारीको कमाण्डमा उद्धार कार्यको लागि खटिएको एपीएफ टोली तदारुकताका साथ



उद्धार कार्यमा जुटेको थियो।

डडेलधुराबाट कञ्चनपुरको महेन्द्रनगरतर्फ आउादै गरेको से.१ ज. १९७ नम्बरको माईक्रोबस र विपरित दिशाबाट आउदै गरेको भे.१ त. ३५६ नम्वरको ट्याक्टर आपसमा ठोक्किएर भएको उक्त दुर्घटनामा परी घाइते भएकाहरू मध्य माईक्रोबसका चालक डडेलधुरा कैलपालमाण्डौं २ बस्ने गोविन्दराज काडाललाई सोही गाडीमा चापिएर रहेको अवस्थामा एपीएफ टोलीले उद्धार गरेको हो। उनको अवस्था गम्भीर रहेको बताइएको छ। दुर्घटनामा परी कञ्चनपुर जिल्लाको पिपलाडी बस्ने ट्याक्टर चालक कल्सु राना, नरबहादुर बिष्ट, रघुनाथ पन्त, झलारी ७ का जयराम चौधरी र भिमदत्त नगरपालिका १३ बस्ने टेकबहादुर ठगुन्ना गम्भीर घाइते भएका छन् भने अन्यको अवस्था सामान्य रहेको बताइएको छ। करीव ७ वजे भएको उक्त दुर्घटनामा परी घाइते भएका सवैलाई उद्धार कार्यमा परिचालित एपीएफ टोलीले उद्धार गर्नुका साथै तत्काल सशस्त्र प्रहरी बलकै एम्बुलेन्स र गाडीमा राखेर सो अस्पतालमा पर्‍याएको थियो।


## झाडापखाला रोकथामका उपायहरू बारे जानकारी

वर्षा याममा प्राय: सबै पानीका स्रोतहरू प्रदुषित हुने र सो दुषित पानी पिउनाले झाडापखाला रोग लाग्न सक्दछ। झाडापखाला हुँदा शरीरमा भएको पानी, नुन, ग्लुकोज र तागतिलोको पदार्थ खेर जान्छ। यस्ता पदार्थहरू खेर गएपछि शरीर सुख्खा हुन गई जलवियोजन भएर मानिस मर्न पनि सक्छ। तसर्थ झाडापखाला रोकथामका निम्न उपायहरू अपनाउनु हुन सम्वन्धित सबैमा हार्दिक अनुरोध छ।

### झाडापखाला रोकथामका उपायहरू

- खानेपानी भकभकी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं।
- खाना खानु अघि बच्चालाई खाना खुवाउनु, खाना पकाउनु अगाडि दिशा धोए पछि र फोहर बस्तु चलाए पछि साबुन पानीले हात धुने गरौं।
- फोहोर, बासी सडेगलेको झिङ्गा भन्केको र खुला रुपमा राखिएका खानेकुराहरू नखाऔं।
- घरमा पानी राख्ने भाँडा सफा राखौं र पीउने पानीलाई सधैं छोपेर राखौं।
- सबैले चर्पीमा मात्र दिसा पिसाव गरौं र बच्चाको दिसा पिसाव पनि चर्पीमा नै लगि फाल्ने गरौं।
- काँचै खाने खानेकुरा र फलफूलहरू जस्तै मुला, गाँजर, काँक्रो र सागपातहरूलाई सफा पानीले राम्ररी पखालेर मात्र खाने गरौं।
- खानेपानीको स्रोत वा मुहानलाई सफा गरि आवश्यक मात्रामा क्लोरीनको झोल हाली शुद्धिकरण गरौं।
- घोङ्गि, गंगटा, माछा, मासुजस्ता खानेकुराहरू राम्ररी पकाएर मात्र खाने गरौं। मरेका र विरामी पशु पंक्षीको मासु र सडेको माछा नखाऔं।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र**
टेकु, काठमाडौं

### राजनीति...

गएको छैन । यस्तो असरल्ल अवस्थामा राष्ट्रसंघका प्रतिनिधि आएर निर्धारित समयमा शान्ति र संविधान सम्भव छ भन्ने रिपोर्ट लान सक्दैनन् र रोगी राजनीतिक रिपोर्ट राष्ट्रसंघ पुगेपछि अनमिनवारे सुरक्षा परिषद्ले कहाली लाग्दो निर्णय गर्न सक्ने थप खतरा देखिन थालेको छ ।

### सभामुख...

सिर्जना भएको वर्तमान अन्यौलता र अरजकताको स्थितिको अन्त्य राष्ट्रपति शासन र उनले प्रयोग गर्न सक्ने विशेषाधिकार नै हुन सक्छ, रोहितको निष्कर्ष छ ।

### माधवकुमारको...

सरकारको उपाधी प्राप्त नेपाल नेतृत्वको सरकार ले १३ महिनासम्म वैधानिक सरकारको रुपमा राज्य सञ्चालन गरेर आफ्ना ससुरालीदेखि आफ्ना नातागोता, भाइभारदार सबैलाई दशौं पुस्तासम्म बसीबसी आनन्दले खान पुग्ने सम्पत्ति जोड्ने मौका प्रदान गरिदिए । अहिले आएर माधवकुमार नेपला नेतृत्वको सरकार कामचलाउ भएपनि एकै दिनको मन्त्रिपरिषद्को बैठकबाट सय वटा निर्णय गरेर अर्को चमत्कार देखाएको छ । एउटै बैठकबाट सय वटा निर्णय गर्दा कस्ता कस्ता निर्णयहरू भए होलान र कसरी निर्णयहरू गरिए होलान त्यो रहस्यको विषय बनेको छ ।

मावधकुमार नेपालले राजीनामा दिएको ३ महिना पुगेको छ । नेपालको इतिहासमै अहिलेसम्म यति लामो काम चलाउन सरकार भएको रेकर्ड छैन । काम चलाउन सरकार भए पनि नेपाल सरकारले कुनै लाजै नमानीकन बहुमतको सरकारको जस्तो सरुवा, बढुवालगायतका सबै कार्यहरू गरी भविष्यमा आउने सरकारलाई अप्ठ्यारोमा पार्ने षड्यन्त्र गर्न थालेको आभाष पाउन थालिएको छ । काम चलाउ सरकार भनेको दैनिक कार्य सञ्चालनको लागि मात्र हो, यसले नीतिगत निर्णयहरू गर्न सक्ने कानूनी आधारहरू छैनन् । त्यस्तो नैतिकता प्रधानमन्त्रीले नै देखाउनु पर्नेमा स्वयं प्रधानमन्त्री नाङ्गेझार भएर प्रत्येक कुराहरूमा हस्तक्षेप गर्दै सरकारी निकयालाई आफ्नो पेवा सम्झने प्रवृत्तिले गर्दा माधवकुमार नेपाल सरकाले अब के चमत्कार देखाउन बाँकी रहेको छ भन्ने प्रश्न उठ्न थालेको छ । त्यसैले भनिन्छ, प्रधानमन्त्री हुनु त माधव नेपाल जस्तो । कुनै कानून नलाग्ने, कुनै दायित्व पनि लिनु नपर्ने वा माधव जी ।

### नेम्वाङ...

बमोजिम नियमावली प्रयोग गर्दा आई परेका बाधा अड्चन फुकाउने अधिकार सभामुखमा निहीत रहेको छ । त्यस्तै गरी नियम १५९ बमोजिम नियमावली व्याख्या गर्ने अधिकार पनि सभामुखलाई भएको र त्यसरी सभामुखले गरेको व्याख्या अन्तिम हुने भएको हुनाले सभामुख नेम्वाङले व्याख्या नगर्नुको रहस्य के ? सभामुखले गरेको निर्णय अन्तिम हुने र त्यसले देशलाई निकास दिन सभामुखले सक्रियता देखाएर नियम ७ को उपनियम ८ ले पारेको बाधा अप्ठ्यारोको गाँठो फुकाउने व्यवस्था गर्नु आवश्यक छ । रामचन्द्र पौडेलले प्रधानमन्त्रीको उम्मेदवारी फिर्ता नलिए पछि दलहरूबीच सहमति हुन नसकेको खण्डमा तीन दलहरूबीच पालो पलो प्रधानमन्त्री हुने पद्दतिको कार्य आगाडि बढाउन उचित हुनेछ । यसरी पनि सहमति हुन सकेन भने सानादलका नेतालाई ठूला दलहरूले प्रधानमन्त्रीको रुपमा स्वीकार गरी मुलुकलाई निकास दिए, त्यसले सबैको भलाई गर्नेछ । यदि त्यस्तो पनि हुन नसक्ने हो भने संविधानसभा म्याद सकिएको औषधी सरह हुने भएको हुनाले नयाँ ताजा र शान्तिको लागि ताजा जनादेश लिनुको कुनै विकल्प छैन । पहिला नै म्याद सकिएको संविधानसभाको पदावधि लम्ब्याएर दलहरूले म्याद सकिएको औषधीलाई काम गर्न बाध्य पारे । जस्तो अब पनि फेरी संविधानसभाको पदावधि थप्ने प्रयास गरेर त्यसको सम्पूर्ण जिम्मेवार संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङ नै हुनुपर्दछ । संविधानसभाका अध्यक्षको कार्य भनेको कुर्सीमा उँघेर घण्टी बजाउनु मात्र होइन, सभा सञ्चालन गर्दा आएका बाधा अड्चनहरू आफूले पाएको अधिकार प्रयोग गरी अवरोध पन्छाउने कार्य पनि नेवाङ कै हो । दलहरूले संविधानसभा बाहिर नै सबै समस्याको समाधान गर्ने भए सभामुखको आवश्यकता र संविधानसभाको औचित्य नै किन ?

### भारतको...

समाचार प्रकाशित भएपनि भारतीयहरूकै सहयोग र समर्थनमा बनेको सकारले त्यसतर्फ कुनै कारबाही अगाडि बढाउन सकेको थिएन ।

नेपाली नागरिकताका आधारमा फोटो सहितको मतदाता नामावली संकलनमा अहिले तराईका जिल्लाहरूमा अवरोध सिर्जना गरिएको छ । खासगरेर मधेशवादी दलहरूले अझै पनि लाखौं नेपाली जनताले नागरिकता नपाएको र मतदाता नामावली संकलनमा नेपाली नागरिकतालाई अनिर्वाय बनाइनु नहुने अडान लिएपछि मधेशवादी दलहरूको नियतमाथि शंका उठेको छ । उनीहरूको भनाइमा एकपटक मतदाता नामावलीमा नाम परेका व्यक्तिहरूले स्वत अर्को पटकको चुनावमा मत हाल्न पाउनु पर्ने माग गरेको छन् । संविधानसभाको चुनावका बेला मतहाल्दा नेपाली नागरिकता वा अन्य कुनै पनि प्रमाण खुलेको प्रमाण पत्र आवश्यक मानिएको थिएन, जसले जहाँ गएर पनि मत हाल्न सक्थे वास्तवमा भन्ने हो भने संविधानसभाको चुनाव चुनाव नभएर भीडतन्त्रको भीडमात्र भएको थियो मत प्रयोग गर्नको लागि आवश्यक प्रमाण पत्र चाहिने विश्वव्यापी सिद्धान्तलाई तत्कालिन सात दल र माओवादीले त्यसबेला इन्कार गरेका हुनाले संविधानसभाको चुनावमा लाखौं लाख विदेशी नागरिकहरूले पनि मतदाता सूचीमा नाम लेखाएर मत प्रयोग गरेका थिए । अहिले त्यही मतदाता सूचीलाई आधार मानेर मतदाता नामावली सूची तयार गरिएको खण्डमा अबको १० वर्ष पछि नेपाली जनता नेपालमै अल्पमतमा पर्ने पक्का पक्की भएको हुनाले भारतीय षडयन्त्रलाई चिर्दै नेपाली नागरिकता भएका व्यक्तिहरूको मात्र मतदाता नामावली संकलन गरिनु उपयुक्त हुनेछ । आफ्ना लाखौं नागरिकहरूलाई नेपालमा पठाएर नेपाली नागरिकता बनाउन सफल भएको भारतले पछि तिनै आफ्ना नागरिकहरूद्वारा वैधानीक रुपमा सत्ता हत्याउने खेलमा नेपालका केही राजनैतिक दलका नेताहरूलाई आर्थिक प्रलोभनमा पारेर मतदाता नामावली संकलनमा विरोध जनाउन लगाएको हुनाले त्यसतर्फ निर्वाचन अयोग र नेपाली जनता सजग हुनै पर्दछ ।

### पचास...

छ भन्दा राजनीतिक दलहरूले सहमति जनाए । तर मधेशी दलहरूले नागरिकता मात्रैको आधारमा मतदाता नामावली तयार गर्नु हुन्न भन्ने माग पनि गरे ।

फोटो र औठाछाप सहितको मतदाता नामावली तयार गर्न डेनमार्क सरकारले समेत २२ लाख डलर उपलब्ध गराएको छ । प्रथम चरणमा ४३ जिल्लाका ५८ नागलपालिकामा यस्तो मतदाता सूची तयार गर्ने काम भइरहेको छ । केही मधेशवादी दलहरूले नागरिकता नलिएका लाखौं मतदाता छन्, मताधिकारबाट वञ्चित छन् र पुरानो मतदाता सूचीलाई आधार बनाउनु पर्छ भनेर माग गरिरहेका छन् । प्रमुख निर्वाचित आयुक्त भन्छन् कसैले नागरिकता पाएको छैन भने त्यो सरकारको मामिला हो, सरकारले त्यसको व्यवस्था गर्नुपर्छ । फोटो सहितको मतदाता सूची संकलन प्रक्रिया जनस्तर जारी रहनेछ ।

कार्यबाहक प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले भनेका छन्, विना नागरिकता मतदाता सूची बनाउने हो भने ५० लाख नक्कली मतादाता बन्ने छन् । नक्कली मतदातालाई रोक्न परिचय पत्रको व्यवस्था गर्न लागिएको हो । तर स्रोतहरूका अनुसार मधेशी दलहरूको दवाव रोक्न मतदाता संकलतकहरूले आक्रमणबाट बच्नसमेत फितलो रुपमा काम सुरु गरिसकेको बताइन्छ । मतदाता नामावली नागरिकताकै आधारमा भनेर निर्वाचन आयोगले अनुदान लिए पनि त्यो अनुदाान हावा खाने सम्भावना बढी छ ।

### कांग्रेसभित्र...

कमजोर प्रतिनिधित्वलाई धाप दिनु पर्ने अवस्था छ । त्यसमाथि देउवा पक्षले बुढा र बदनाम नेताहरूको नामावली दिएपछि सुशीललाई पहिलो गाँसमै ढुङ्गा परेको छ । सुशील कोइरालालाई सभापति जिताउनका लीग लागिपरेका सहयोगीहरूले पनि मनोनितको आशा राखेका छन् । विदेशी शक्तिहरूले पनि सहयोगको ब्याज स्वरुप केही व्यक्तिलाई केन्द्रिय समितिमा मनोनितका लागि सिफरिस गरिसकेको थाहाभएको छ । कांग्रेसभित्रको मनोनित काण्डले नेपाली कांग्रेस र प्रजातान्त्रिक कांग्रेसको गुटवाजी छताछुल्ल हुने खतरा टरिसकेको छैन ।

### के विषयमा...

♦ प्रतिनिधित्वको आधार जनसंख्या र भुगोल दुवैलाई बनाउने वा जनसंख्यालाई मात्र बनाउने ?

♦ संविधानको व्याख्या गर्ने अधिकार कसलाई दिने ? न्यायाधीशको नियुक्ति र बर्खास्ती गर्ने संयन्त्र व्यवस्थापिका हुने वा छुट्टै संयन्त्र बनाउने ?

♦ सर्वोच्च अदालतको प्रधानन्यायाधीसमा सेवाभित्रैबाट नियुक्ति गर्ने वा बाहिरबाट समेत ल्याउन सकिने व्यवस्था गर्ने ?

♦ नेपलको अन्तरिम संविधान, २०६३को धारा १३८ मा राज्यको पुनर्संरचना गर्नका लागि सुझाव दिन उच्चस्तरीय आयोग गठन गरिने व्यवस्था रहेको, उक्त आयोगको गठनका लागि संविधानसभाको गठन हुनुअघिदेखि नै पटक पटक आग्रह गरिएको तर उक्त आयोग गठन हुन नसकी संविधानसभाको राज्य पुनर्संरचना समितिबाट राज्य पुनर्संरचनाको प्रारम्भिक खाका तयार भएको अवस्था छ । आयोग गठनको विषय अझै पनि उठ्ने गरेको, राज्य पुनर्संरचना समितिको प्रतिवेदन सर्वसम्मत हुन नसकेकाले यस विषयमा सबैलाई मान्य हुने निकास कसरी निकल्ने ?

♦ प्रदेश व्यवस्थापिका कति सदनको हुने यसमा सदस्य संख्या कति हुने र निर्वाचन प्रणाली कस्तो हुने ?

♦ उच्च अदालतका न्यायाधीशको नियुक्ति र सरुवा केन्द्रिय संयन्त्रले गर्ने वा प्रदेशबाट गर्ने ?

♦ नेपाली नागरिकसँग विवाह गर्ने विदेशी नागरिकले नेपाली नागरिकता प्राप्त गर्ने सर्त के कस्ता हुने ?

♦ सरकारी कामकाजको भाषा - अदालती कामकाजको भाषासमेत) कुन हुने ?

♦ आत्मनिर्णय र राजनीतिक अग्राधिकारसम्बन्धी विषयलाई संविधानमा कसरी सम्बोधन गर्ने ?

# राजधानी हैजा सहर

काठमाडौं / विज्ञहरूको अनुसन्धानबाट राजधानी हैजा शहर हो भन्ने प्रमाणित भएको छ । गत वर्ष देखि नै राजधानीमा हैजाका विरामी देखा परेको र अहिले पनि हैजाको संक्रमणमा राजधानी रहेको खुलासा भएको छ । विज्ञहरूको अनुसार फोहोर व्यवस्थापन नहुनु महिनौसम्म सडकभरि फोहर थुप्रिनु, पानी, नदीनाला प्रदुषित हुनुको कारणले राजधानीमा हैजाका किटणु बढेको हुन् । हैजाको प्रकोप र महामारी नफैलिनु यहाँको सुलभ स्वास्थ्य व्यवस्था भएकोले हो । कुनै पनि बेला राजधानीमा हैजाको प्रकोप फैलिन सक्ने खतरा विज्ञहरूले देखाएका छन् । यसैबीच आसोज ५ गते राजधानीमा स्वाइन फ्लु समेत देखा परेको छ । ओम अस्पतालमा एक विरामी स्वाइन फ्लुको उपचार गरिरहेको खुलासा भएको छ । पहिले नर्भिकमा उपचार गराएका ती विरामी पछि ओम अस्पताल पुगेका थिए । ओम अस्पतालले स्वाइन फ्लु भने पछि एभियन इन्फ्लुएन्जा नियन्त्रण आयोजनाका डा.आननन्दकुमार श्रेष्ठ समेतले प्रमाणित गरेको छन् ।

# सर्वोच्चको आदेश मधेशमा बहिस्कार

काठमाडौं / सर्वोच्च अदालतको आदेशको कार्यान्वयन सरकारले गराउने हो । सरकारमा रहेका मन्त्रीहरूले नै सर्वोच्चको आदेशको बार्खिलापमा क्रियाकलाप गर्न प्रोत्साहित गर्छन् भने त्यस्तो अवस्थामा अराजकता बढ्ने निश्चित छ ।

सर्वोच्च अदालतले गिटी, बालुवा, ढुङ्गा भारत निकसी गर्न रोक लगाए पनि भारतीय ठेकेदार र नेपाली प्रशासक र मन्त्री मिलेर बेरोकटोक निकासी भइरहेको छ । यस्तो किन भन्ने सम्बन्धमा राजधानीमा अन्तरक्रिया समेत भएको छ । तर सबैले सरकारको कमी कमजोरी औ ल्याएर पनि सरकारले कानमा तेल हालेर बालुवा गिटी, ढुङ्गा निकासीमा रोक लगाउन सकेको छैन । मधेशका बाहुवलीहरूले सरकारको यही कमजोरीको फाइदा उठाएर सर्वोच्चको आदेश बाहिस्कार गर्दै रात दिन गिटी बालुवा भारत निकासी गरिरहेका छन् । भारत रिसाउँछ कि भन्ने भय राजनीतिक नेताहरूमा भएकै कारण अदालतको आदेश बहिष्कार भइरहेको छ । तथापि सरकारमा बस्नेहरू शान्ति संविधान विधिको शासनको डिङ हाक्न छाडेका छैनन् । यस्तो विडम्वनाले देशको स्वाधिनता कसरी कतिदिन बाँचिरहन स्क्छ ?

# मंगलबारको सहमतिले काम गरेन

काठमाडौं / गत मंगलबार ठूला तीन दलका शीर्ष नेताहरूबीच शान्ति र संविधान निर्माण प्रक्रिया अघि बढाउने सहमति ३ दिनभित्रै हावाखान पुगेको छ । सत्ताको नेतृत्व कसले लिने, चालु प्रक्रियाको अन्त्य र नयाँ प्रक्रियाको शुरु कसरी गर्ने ? भन्ने सम्बधमा कांग्रेसले सर्त अघि सार्नु र एमाले-एमाओवादी मिलेर कांग्रेसलाई नियमावली संशोधनका लागि गुहार्नुले शीर्ष राजनीतिक दलहरूबीच तिक्तता बढ्दै गएको छ । शान्ति र संविधानको प्रक्रिया अघि बढाउन सहमति गर्ने तर राजनीतिक मुद्दामा असहमत हुँदा भीडन्तको खतरा बढ्दै गएको हो । सरकार निर्माणमै विचलन आएपछि शन्ति र संविधानजस्तो महत्वपूर्ण विषयमा सहमति हुनै सक्दैन । सहमति र सहकार्य नभएपछि बेला बेलामा ३ दल बस्छन र सहमति गर्छन । त्यसको लगत्तै असहमतिको राजनीति थाल्छन् । बाँदरले घर बनाउने कुराजस्तो छ राजनीति भन्ने व्यापार, जनस्तरबाट यस्तै प्रतिक्रिया आइरहेको छ । शीर्ष नेताका सहमति जनताको आँखामा छारो हाल्न मात्र हो त ?

आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारप्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर